राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मितिः २०८२/०७/१४ गते

विषयः कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८२/०७/११ गते

प्रस्तावहरुः

१. सामाजिक सुरक्षा सम्बन्धमा ।
२. एम्बुलेन्स खरिद सम्बन्धमा।
३. विविध।

निर्णय हुनु पर्ने व्यहोराः

१. ग्लोबल आइएमई बैंक लिमिटेड लमही शाखाबाट च.नं. GIBL/W२/१२२/२०८२/८३ मिति २०८२/०४/११ मा प्राप्त पत्र अनुसार राजपुर गाउँपालिकाको कार्यालय र बैंकवीच सामाजिक सुरक्षा भत्ता वितरणका लागि गरिएको सम्झौताको शर्त नं. १४ बमोजिम तीन आर्थिक वर्षसम्म कायम रहने उल्लेख भएको र सो अवधि समाप्त भएको जानकारी प्राप्त भएकोले सो सम्बन्धमा आगामी बैठकमा निर्णय गर्नु पर्ने ।
२. यस गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ख-बर्गको एम्बुलेन्स खरिदका लागि रु १५ लाख विनियोजन भएको र लागत स्टीमेट रु २४ लाख र विविध खर्च २ लाख गरि २६ लाख आवश्यक हुने भएको हुँदा उक्त स्वीकृत बजेट अपुग हुने भएकाले आवश्यक बजेट थप गरी खरिद प्रकृया अगाडि बढाउनु पर्ने।
३. अन्य निर्णयहरु

निर्णयहरुः

१. ग्लोबल आइएमई बैंक लिमिटेड लमही शाखाबाट च.नं. GIBL/W२/१२२/२०८२/८३ मिति २०८२/०४/११ मा प्राप्त पत्र अनुसार राजपुर गाउँपालिकाको कार्यालय र बैंकवीच सामाजिक सुरक्षा भत्ता वितरणका लागि गरिएको सम्झौताको शर्त नं. १४ बमोजिम तीन आर्थिक वर्षसम्म कायम रहने उल्लेख भएको र सो अवधि समाप्त भएको जानकारी प्राप्त भएकोले सो सम्बन्धमा आगामी बैठकमा निर्णय गर्ने ।

२. यस गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ख-बर्गको एम्बुलेन्स खरिदका लागि रु १५ लाख विनियोजन भएकोमा रु २४ लाखको मेकानिकल इन्जिनियरबाट लागत अनुमान तयार भएको तथा अन्य विविध गर्च समेत गरि रु २६ लाख आवश्यक बजेट व्यवस्था गरि खरिद प्रकृया अगाडि बढाउने।

३. विविध

क) भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत वडागत तहबाट प्रमाणिकरण भइ आएका तपसिल बमोजिमका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत अनुमोदन गर्ने।

तपसिल

भूमिहिन दलित र भूमिहिन सुकुम्बासी

| वडा नं. | वडाबाट प्रमाणिकरण मिति | भूमिहिन दलित | भूमिहिन सुकुम्बासी |
|---|---|---|---|
| ३ | २०८२/०३/०४ | ३६ | २७ |
| ६ | २०८१/१२/२१ | १४ | ३९ |
| ७ | २०८२/०२/१४ | ७७ | २०७ |

अव्यवस्थित बसोबासी

| वडा नं. | वडाबाट प्रमाणिकरण मिति | अव्यवस्थित बसोबासी |
|---|---|---|
| १ | २०८२/०५/०३ | ६१५ |
| २ | २०८२/०६/२२ | ४२४ |
| ३ | २०८२/०५/२३ | ३३५ |
| ४ | २०८२/०४/२५ | २९८ |
| ५ | २०८२/०४/२३ | ४५२ |
| ६ | २०८२/०४/२८ | ३८० |
| ७ | २०८२/०६/२२ | ८४७ |

ख) प्रदेश निर्वाचन कार्यालयको च.नं. ४२ मिति २०८२/०७/१३ गतेको पत्रानुसार यस गाउँपालिका अन्तर्गत वडा नं. १ को बाल बिशौनी मा.वि. पटौलीनाका वडा नं. ६ को बाल कल्याण मा.वि. खांग्रानाका र वडा नं. ७ को गौरी शंकर मा.वि. भैसाहीनाकामा नयाँ मतदान स्थल थप गर्नका लागि सम्बन्धित वडाबाट सिफारिस भइ आएकाले सो अनुसार हुन प्रदेश निर्वाचन कार्यालयमा सिफारिस गर्ने र अन्य मतदान स्थलहरु यथावत कायम हुने।